**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १६ अगस्त २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१.कोलकाताको आरजी मेडिकल कलेज आस्पतालमा महिला रेजिडेन्ट डाक्टरको बलात्कार र निर्मम हत्याको बिरोधमा देशभरी कडा बिरोध प्रदर्शन भइरहेको छ l

२.भाजपाले पश्चिम बङ्गालमा कानुन व्यवस्था फेल भएको भन्दै मुख्यमन्त्री ममता बनर्जीको राजीनामाको माग गरेको छ l

३.पद्म पुरस्कार -२०२५ का लागी नामांकन भर्ने प्रक्रिया आज देखी शुरु भएको छ तथा १५ सितम्बर सम्म चल्नेछ l

४.पुर्व प्रधानमन्त्री अटलविहारी बाजपेयीलाई उहाँको पुण्यतिथिमा रास्ट्रपति , प्रधानमन्त्री, र अन्य नेताहरुले सदैव अटल स्मृति स्थल गएर श्रद्धा सुमन अर्पित गर्नुभयो l

५.जम्मु कश्मिर र हरियाणा विधानसभा चुनाउका तारिखहरु घोषित गरिएका छन् l

६.खर्सांगमा नया अस्पताल तथा खेल मैदानको चाडै निर्माण गरिनेछ l

७.पेरिस पैरालाम्पिकमा भारतीय खेलाडीहरुको ८४ सदस्यीय दलले भाग लिनेछ l

**कोलकाता-बिरोध प्रदर्शन**

पश्चिम बंगालको आर. जे. कर अस्पतालमा भएको बलात्कार तथा हत्याकाण्डको विरोधमा राज्यभरि नै विरोध प्रदर्शनहरू जारी रहेको छ l विभिन्न राजनीतिक दल तथा संगठनहरूले आज पनि विभिन्न ठाउँहरूमा विरोध प्रदर्शन तथा हड़तालहरूको आयोजन गरेका छन्। फलस्वरूप आज सम्पूर्ण कोलकाता अचल बनेको छ । एसयूसीआई (कम्युनिस्ट)-ले आज राज्यभरि नै 12 घण्टाव्यापी बंगाल बन्द डाकेको छ।
बन्दलाई सफल तुल्याउनका लागि एसयूसीआईका कार्यकर्ताहरू विभिन्न स्थानमा सड़कहरूमा उत्रेर प्रदर्शन गरिरहेका छन्। संगठनले मुख्यमन्त्री ममता ब्यनर्जीको राजीनामाको माग गर्दै आरजी कर अस्पताल नजिकै एउटा मञ्च निर्माण गरी लगातार धरना प्रदर्शन गर्ने घोषणा गरेको छ। अर्कोतिर यस बन्दको विरोध गर्दै राज्य सरकारले आफ्ना कर्मचारीहरूको सबै अनुमोदित छुट्टीहरूलाई रद्द गरिदिएको छ साथै विरोध प्रदर्शनको सामना गर्नको लागि सक्रिय रूपमा कार्य गरिरहेको छ।
आरजी कर काण्डको सीबीआई जाँच पनि तीव्र भएको छ l यसैबीच, भारतीय जनता पार्टीले आज दिउँसो २ बजेदेखि ४ बजेसम्म सडक अवरुद्ध गर्ने लगायत राज्यभरि विरोध प्रदर्शनको आह्वान गर्यो ।

****** ० ******

**देशभरि डाक्टरहरूको हड़ताल**

कोलकाता आरजे अस्पताल महिला डाक्टर बलात्कार र हत्याको मामिलाले देशभरी आक्रोश उत्पन्न गरेकोछ। आज देशभरी चिकित्सा संगठनहरू र डाक्टरहरूले सो निर्मम हत्याको विरोधमा आपातकालीन सेवा छोड़ेर अन्य सबै सेवाहरूलाई 24 घण्टाका लागि बन्द राखेकोले देश भरीका विभिन्न शहरहरूमा चिकित्सा सेवाहरू बाधित भएकोछ। पश्चिम बंगालमा लगातार विरोध प्रदर्शनहरू जारी छन्।पटना मेडिकल कलेज तथा अस्पताल (PMCH) तथा नालन्दा चिकित्सा कलेज अनि अस्पतालका रेजिडेन्ट डाक्टरहरूले सो बलात्कार र हत्याको विरोधमा अनिश्चितकालीन हड़ताल शुरू गरेका छन्।पंजाबको अमृतसरमा पनि डाक्टरहरू र चिकित्सा संगठनहरूको विरोध प्रदर्शनले अस्पतालहरूमा चिकित्सा सेवाहरू नराम्रो गरि प्रभावित भएका छन्। धरनासको गुरूनानक

देव अस्पतालमा पनि रेजिडेन्ट डाक्चरहरूले हड़ताल गरेका छन्।यसै गरि महाराष्ट्र रेजिडेन्ट डाक्टर संघको आह्वानमा राज्य भरि हड़ताल गरिएकोछ। आज साँझ मुम्बईको आजाद मैदानमा ठूलो विरोध प्रदर्शन डाकिएकोछ।

****** ० ******

**दिल्ली – हत्या ,विरोध प्रदर्शन**

**राष्ट्रीय राजधानी दिल्लीका राममनोहर लोहिया, लेडी हार्डिंग मेडिकल कलेज र कतिपय अन्य अस्पतालका चिकित्सक र मेडिकल विद्यार्थीहरूले कोलकातामा एक रेजिडेन्ट डाक्टरको बलात्कार र हत्याको विरोधमा प्रदर्शन जारी रहेका छन्। यसैबीच, केही चिकित्सकहरूले जीटीबी अस्पतालबाट स्वामी दयानन्द अस्पतालसम्म रैली निकालेका थिए। इन्डियन मेडिकल एशोसिएशन (आइ.एम.ए) ले भोलि बिहानदेखि देशभरि २४ घण्टे चिकित्सा सेवाहरु बन्द गर्ने घोषणा गरेको छ । आई.एम.ए.ले जारी गरेको विज्ञप्तिमा भनिएको छ - 'सबै अत्यावश्यक सेवाहरू सुचारु रहनेछन् । नियमित ओपिडी सञ्चालन हुने छैन र बैकल्पिक शल्यक्रिया पनि गरिने छैन ।**

****** ० ******

**ममता रैली**

पश्मिच बंगालकी मुख्यमंत्री ममता व्यानर्जीले आर.जी कर मेडिकल कलेज रेजिडेन्ट छाक्टर बलात्कार र निमर्म हत्या मामिलामा आज टिएमसी कार्यध्कर्ताहरूलाई लिएर एउटा रैली गर्नुभयो। उहाँले पीड़ित डाक्टरका हत्यारा र बलात्कारीहरूलाई कठोर दण्ड दिनु पर्ने तथा पीड़ितलाई न्याय दिनुपर्ने मांग गर्नुभयो। बीजेपीले घअनामापथि रोश व्यक्त गर्दै ममता व्यानर्जीले आरोपीहरूलाई बचाउन नाटक गरिरहने भएको बताएको छ। कोलकाता पुलिसले सबुतहरू मेटाउने प्रयास गरिरहेकोले उच्च अदालतले मुद्दा सीबीआईलाई जाँच गर्ने आदेश दिनु परेको थियो। अस्पातालमाथि टिएमसी का गुण्डाहरूले हमला गरि सबुत मेटाउन तोड़फोड़ गरेको र कोलकाता पुलिस मौन रहेको गम्भीर आरोप लगाएका छन्। रेजिडेन्ट डाक्टरहरूले हत्यारालाइ फाँसी दिने मांग गर्दै नयाँ दिल्लीको सफदर जंग अस्पाताल देखि इण्डिया गेट सम्म कएण्डल मार्च निकाले।

****** ० ******

**बिधायक शंकर घोष -धर्ना**

आज सिलगढ़ीका भाजपा विधायक शंकर घोषले मुख्यमन्त्री तथा स्वास्थ्यमन्त्री ममता ब्यनर्जीको राजीनामाको मागमा धरना प्रदर्शन गरे । भाजपा विधायक श्री घोष पार्टी नेता तथा कार्यकर्ताहरूको साथमा महात्मा गान्धी मोड़मा धरनामा बसे।धर्ना अवधि विधायक शंकर घोषले सरकारी अस्पतालहरूमा महिलाहरूको सुरक्षा सुनिश्चित गर्नमा मुख्यमन्त्री ममता ब्यनर्जी पूर्ण रूपले विफल भएको आरोप लगाउनु भएको छ। उहाले भन्नुभएको छ -ममता ब्यनर्जी राज्यकी मुख्यमन्त्री हुनका साथै राज्यकी गृहमन्त्री र स्वास्थ्य मन्त्री पनि हुनुहुन्छ । तथापि, राज्यको सुरक्षा व्यवस्था लाचार र महिलाहरु माथी उत्पीड़न दिन-प्रतिदिन बढिरहेको छ ।

****** ० ******

**कोलकाता – भाजपा -बिरोध**

**भाजपा की राष्ट्रीय प्रवक्ता एवं पूर्व आईपीएस अधिकारी भारती घोषले महानगर कोलकाता स्थित आर.जे . कर मेडिकल कॉलेज एवं अस्पतालमा एक युवा डॉक्टरसित बलात्कार र हत्या मा पश्चिम बंगाल सरकार को तिब्र आलोचना गर्नुभएको छ**
**उहाँले पश्चिम बंगाल सरकारले महिलाहरुको सुरक्षा गर्न नसकेको आरोप लगानुभएको छ। भारती घोषले भन्नुभएको छ , यस मामिलामा पुलिस प्रशासनको भूमिका सन्तोषजनक नभएको कारणले गर्दानै मानिसहरु सडकमा उत्रन बाध्य बनेको छ। सरकारको बिरुद्ध महिलाहरु अघि आईरहेको छ भने न्याय को लागी आवाज उठाई रहेका छन् । उहाँले यस परिस्थितिको लागी ममता बनर्जी सरकार जिम्मेदार रहेको आरोप लगाउनु भएको छ।**

****** ० ******

**स्वास्थ्य मंत्रालय -निर्देश जारी**

डाक्टरहरूको सुरक्षालाई लिएर केन्द्रिय स्वास्थ्य मन्त्रालय कठोर भएको छ। मन्त्रालयले शुक्रवार सबै सरकारी अस्पतालहरू र मेडिकल कलेजहरूका लागि एक कठोर निर्देश जारी गरेको छ। यस आदेशमा भनिएको छ, अस्पताल परिसरमा कर्मचारीहरू र स्वास्थ्य कार्यकर्ताहरू विरूद्ध कुनैपनि हिंसा भएको स्थितिमा केही घण्टाभित्र पुलिसमा शिकायत दर्ता गराउनुपर्नेछ। यसको जिम्मा सम्बन्धित संस्थानको प्रमुखको हुनेछ।

आज स्वास्थ्य सेवा महानिदेशालयको तर्फबाट जारी आदेशमा भनिएको छ, गत केही दिनमा डाक्टरहरू र स्वास्थ्य कर्मीहरूको साथ हिंसक घटनाहरू अघि आएको छ। संस्थान प्रमुखले कुनै प्रकारको हिंसा र हमलाको रिपोर्ट छह घण्टामा गर्नुपर्नेछ। यस्ता मामिलाहरूमा त्वरित कारबाही सुनिश्चित गर्न प्राथमिकी दर्ता गराउने जिम्मा पूर्ण रूपमा संस्था प्रमुखको हुन्छ। यो आदेश सबै एम्स र मेडिकल कलेजहरूको निम्ति लागू हुनेछ।

****** ० ******

**बांग्लादेश- भारत**

बांग्लादेशको अंतरिम सरकारका मुख्य सलाहकार मोहम्मद यूनुसले आज प्रधानमंत्री नरेंद्र मोदीसित फोनमा बातचीत गर्नुहुदै आफ्नो देशमा हिन्दुहरु र सम्पूर्ण अल्पसंख्यक समुदायको सुरक्षाको आश्वासन दिनुभएको छ l प्रधानमन्त्री नरेन्द्र मोदीले लोकतंत्रातिक, स्थिर, शांतिपूर्ण और प्रगतिशील बांग्लादेशको लागी भारतको समर्थन यथावत् रहने बताउनु भएको छ l

****** ० ******

**पद्म पुरस्कार २०२५ -नामांकन**

पद्म पुरस्कार २०२५ का लागि नामांकन शुरु भएको छ जो आगमी महिनाको १५ तारिखसम्म चल्नेछ । ईच्छुक प्रतियोगीहरुले awards.gov.in राष्ट्रिय पुरस्कार पोर्टलमा गई आफ्नो नामांकन दर्ता गर्न सक्नेछन् । पद्म पुरस्कार राष्ट्रको सर्वोच्च नागरिक सम्मान मध्ये एक हो। पुरस्कार तीन विधामा प्रदान गरिन्छ । पद्म विभूषण असाधारण र विशिष्ट सेवाको लागि, पद्म भूषण उच्च श्रेणीको विशिष्ट सेवाको लागि र पद्मश्री कुनै पनि गतिविधिको क्षेत्रमा विशिष्ट सेवाको लागि प्रदान गरिन्छ। हरेक वर्ष गणतन्त्र दिवसको पूर्वसन्ध्यामा यो पुरस्कारको घोषणा गरिन्छ l

****** ० ******

**अटल बिहारी बाजपेयी -पुण्यतिथि**

भारतका पूर्वप्रधानमन्त्री एवं भारत रत्न अटल बिहारी बाजपेयीको पुण्यतिथिमा कृतज्ञ राष्ट्रले श्रद्धाञ्जलि अर्पण गरिरहेको छ । राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति जगदीप धनखड़ र प्रधानमंत्री नरेंद्र मोदी ने आज नयाँ दिल्लीमा अटल बिहारी वाजपेयीलाई पुष्पांजलि अर्पित गर्नुभएको छ । लोकसभा अध्यक्ष ओम बिरला, राज्यसभा के उपसभापति हरिवंश, रक्षा मंत्री राजनाथ सिंह र अन्य प्रमुख नेताहरुले पनि उहालाई श्रद्धांजलि अर्पण गर्नुभएको छ ।

****** ० ******

**निर्वाचन आयोग**

निर्वाचन आयोगले आज अपराह्न बिधानसभा चुनावको कार्यक्रमको घोषणा गरेको छ । राष्ट्रिय राजधानी नयाँ दिल्लीको बिज्ञान भवनमा आयोजित एक प्रेस सम्मेलनलाई सम्बोधन गर्नुहुदै मुख्य चुनाउ आयुक्त राजिब कुमारले जम्मु कश्मिरमा तीन चरणमा मतदान हुने बताउनुभएको छ जसमा पहिलो चरणको मतदान १८ सितम्बरमा हुनेछ भने ,दोस्रो चरणको मतदान -२५ सितम्बर र तेस्रो चरण को मतदान १ अक्टोबर को दिन हुनेछ l यसरीनै हरियाणा विधानससभाको ९० सिटमा १ अक्टोबर को दिन मतदान हुनेछ भने ४ अक्टोबर को दिन दुवै राज्यमा मतगणना हुनेछ l मुख्य चुनाउ आयुक्त श्री कुमारले भन्नुभएको छ - जम्मू-कश्मीरमा ८७ लाख भन्दा अधिक मतदाताहरुले ९० सदस्यीय जम्मू-कश्मीर विधानसभाका नेताहरुको भाग्य निर्धारण गर्नेछ l मुख्य चुनाउ आयुक्त श्री कुमारले यस केंद्र शासित प्रदेशमा ग्रामीण र शहरी क्षेत्रहरुमा मतदाताहरुको लागी ११ हजार आठ सय भन्दा अधिक मतदान केंद्रहरु स्थापना गरिइने जानकारी दिनुभएको छ l

****** ० ******

**खरसांगमा खेल मैदान र नयाँ अस्पताल**

खरसांगमा चाँड़ै नयाँ खेल मैदान तथा नयाँ अस्पताल बनाउने काम शुरू गरिने वाचा जीटिए प्रममुख कार्यपाल अनित थापाले गरेका छन्। हिजो गणतंत्र दिवसको अवसरमा मन्टिभियट खेल मैदानामा आयोजित स्वतंत्रता दिवस परेड समारोहमा बोल्दै अनित थापाले भन्नुभयो पाहाड़का अस्पातालहरूलाई उन्नत गरिनेछ। उहाँले भन्नुभयो अंग्रेजको पालमा निमार्ण गरिएको अस्पताललले आज खरसांग महकुमाका जनताको सेवा गरीरहेको छ। वर्तमान आवश्यकता अनुसार खरसांग महकुमाको आवादी तथा मानिसहरूको चिकित्सा खाँचोलाई ध्यानमा राखेर थप उन्नत अनि सबै आधुनिक चिकित्सा सुवधिाहरूले लैश अस्पाताल जसमा ओछ्यानहरूको संख्या पनि आवश्यकता अनुसार बढ़ोस त्यो मांग जनताको धेरै वर्ष देखी रहेको छ।

यसरीनै खरसांगमा अहिले सम्म कुनै खेल मैदान छैन। अन्य संस्थानहरूको खेल मैदानहरूको प्रयोग गर्न परिरहेका छ। लामो समय दखि खरसांगमा खेल मैदानको माग भईरहेको थियो। त्यसैलाई ध्यानमा राखेर जीटिए प्रमुख कार्यपाल तथा बीजीपीएसम का अध्यक्षले अस्पताल र खेल मैदानका लागि स्थान चिन्हित गरिसकिएको तथा चाँडै निमार्ण कार्य गरिने घोषणा गर्नुभएको हो।

****** ० ******

## कालेबुङ स्वतन्त्रता दिवस

कोलबुङमा आज ७८ औं स्वतंत्रता दिवस समारोह भव्यतासग मनाईएको खबर प्राप्त भकऐ छ। समारोहको द्रोसो दिन आज कालेबुङको मेला टारमा जिल्लाकै विभिन्न विध्यालयमध्ये ब्याण्ड डिसप्ले कम्पिटेशन मुख्य आकर्षण रहयो। १६ वटा विध्यालयले अंशग्रहण्र गरेको प्रतियोगितामा प्रथम पुरस्कार एस.यू.एम.आई कालेबुङ, दोस्रो पुरस्कार सेन्ट अगष्टिन अनि तेस्रो पुरस्कार सप्त श्री ज्ञान पीठ ले जित्न सक्षम भएको छ। ज्ञात रहोस उक्त सामारोहमा प्रथ पल्ट खरसांगमा दुइ प्रतिष्ठित विध्यालयहरू क्रमैले सेन्ट अल्फन्सस हायर सेकेण्डरी स्कूल अनि सन्त जोसेफ हायर सेकेण्डरी स्कूलले भाग लिएको खबर प्राप्त भएको छ। सन्त अल्फन्सस अनिसन्त जेसेफ स्कूललाई ब्याण्ड डिसप्ले प्रतियोगितामा भग लिए वापत आयोजक मण्डलीको तर्फबाट पारितोषिक प्रदान गरियो।

****** ० ******

## भाजपा- राहुल गान्धी नागरिकता

भारतीय जनता पार्टीका  नेता सुब्रमण्यम स्वामीले लोकसभामा विपक्षका नेता राहुल गान्धीको भारतीय नागरिकतालाई रद्द गर्ने मागमा गृह मन्त्रालयलाई निर्णय  गर्ने आदेश दिनुपर्ने माग गर्दै दिल्ली उच्च न्यायालयमा  याचिका दर्ता गर्नुभएको छ I श्री स्वामीको याचिकामाथि दिल्ली उच्च न्यायालयले आगामी सप्ताह सुनवाई गर्नेछ ।भाजपा नेता श्री स्वामीको पक्षबाट वकिल सत्या सभरवालले दर्ता गरेका याचिकामा भनिएको छ, सुब्रमण्यम स्वामीले वर्ष २०१९- मा गृह मन्त्रालयलाई लेखेका थिए, ब्याकओप्स लिमिटेडको पंजीकरण ब्रिटेनमा वर्ष २००३-मा भएको थियो र राहुल  गान्धी त्यस कम्पनीका निदेशकहरूमध्ये एक थिए। याचिकामा अझ भनिएको छ, कम्पनीद्वारा १० अक्टोबर, २००५ र ३१  अक्टोबर, २००६ -मा भरिएको वर्षेनी आयकर रिटर्नमा भनिएको छ, राहुल गान्धीको नागरिकता ब्रिटेनको छ। केन्द्रिय गृह मन्त्रालयले २९  अप्रेल, २०१९ -मा राहुल गान्धीलाई पत्र लेखेर भनेको थियो, यस सम्बन्धमा दुई हप्ताभित्रमा स्पष्टिकरण दिइयोस्, तर पाँच वर्ष बितिसक्दा पनि कुनै स्पष्टिकरण दिइएको छैन।

****** ० ******

## पेरिस पैरालम्पिक -भारतीय टोली

यस वर्ष हुने पेरिस पारालम्पिक गेम्समा ८४ खेलाडीहरुको बृहत भारतीय टोलीले भाग लिने भएको छ। पारालम्पिक २८ अगस्टदेखि ८ सेप्टेम्बर  सम्म हुनेछ। पहिलो पटक सर्वाधिक ४७ जना भारतीय एथलिटहरुले सहभागिता जनाउने छन्। पेरिस पारालम्पिक गेम्सका लागि भारतीय टोलीको बिदाइ समारोहलाई सम्बोधन गर्नुहुदै  केन्द्रीय खेल मन्त्री डा मनसुख माण्डवियाले भन्नुभएको छ ,यस ब्याचमा ५० खेलाडीहरू छन् जसले टार्गेट ओलम्पिक पोडियम स्किम (टप्स) को लाभ पाएका छन्। यस योजनाअन्तर्गत खेलाडीहरुलाई प्रशिक्षण र कोचिंग जस्ता सुविधा प्रदान गरिएको उहाँले बताउनुभएको छ । डा. माण्डवियाले 'खेलो इन्डिया गेम्सबाट धैरै खेलाडीहरु अघि आएको बताउनुभएको छ I

****** ० ******